**पोखरा उपत्यका साइडसिन घुम्न जाऔं**

**घुमाउने ठाउँहरु**

बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।

गाडी छुट्ने समय बिहान ९:३० बजे



सम्पर्कः **मानसरोबर टुर्स एण्ड ट्राभल्स**

061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ५१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ फागुन २१ गते बुधबार ❑ 5 March. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## पर्यटनमा आशा जगाउँदै 'पोखरा–ल्हासा उडान'

**पोखरापत्र संवाददाता**
पोखरा, २० फागुन

पर्यटकीय राजधानी पोखरामा विदेशी पर्यटकको आगमन बढाउने लक्ष्यसहित हिमालय एयरलाइन्सले पोखरा-ल्हासा उडान सञ्चालन गर्ने भएको छ। एयरलाइन्सले आगामी चैत १८ देखि पोखराबाट ल्हासा उडान सुरु गर्ने जनाएको हो । सो उडान हुने घोषणासँगै यहाँका पर्यटन व्यवसायीले पोखराको पर्यटन प्रवर्द्धनमा थप टेवा पुग्ने विश्वास व्यक्त गरेका छन् ।

पोखरालाई अन्तरराष्ट्रियस्तरमा थप परिचित गराउने उद्देश्यसहित सुरु गरिने यो उडानले चिनियाँ पर्यटकलाई नेपाल भित्र्याउन महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरिएको छ । अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनमा आएको दुई वर्ष बितिसक्दा पनि व्यावसायिक उडानले निरन्तरता पाउन सकेको छैन । यस्तो अवस्थामा हिमालय एयरलाइन्सले पोखरा-ल्हासा उडान सञ्चालन गर्दा चिनियाँ पर्यटक भित्रिने आशा जागेको व्यवसायीहरूको प्रतिक्रिया छ ।

"पोखरा अन्तरराष्ट्रिय विमानस्थल सञ्चालन हुँदा व्यवसायीहरूमा ठूलो आशा थियो, तर अपेक्षाकृत अन्तरराष्ट्रिय उडान नहुँदा त्यो उत्साह केही अधुरो भएको थियो, अब भने पोखराबाट चीनको ल्हासासम्म उडान सञ्चालन हुने खबरले पर्यटन क्षेत्रमा नयाँ आशा जागेको छ", होटेल सङ्घका केन्द्रीय सदस्य भरतराज पराजुलीले भन्नुभयो, "यसले विशेषगरी चिनियाँ पर्यटकको आगमन बढाउने मात्र होइन, पोखरालाई अन्तरराष्ट्रिय पर्यटन केन्द्रका रूपमा स्थापित गर्न महत्वपूर्ण भूमिका खेल्नेछ ।" उहाँले उडानसँगै नेपालले प्रभावकारी रणनीति अपनाएर चिनियाँ पर्यटकको सङ्ख्या वृद्धि गर्न सकिने बताउनुभयो । रेष्टुरेन्ट एन्ड बार एसोसिएसन रेवान पोखराका अध्यक्ष विश्वराज पौडेल पोखरा भ्रमण वर्ष २०२५ घोषणासँगै हुन लागेको यो उडानले पोखरामा चिनियाँ पर्यटक भित्र्याउन बाटो खुल्ने बताउनुहुन्छ । "यो उडानले चिनियाँ पर्यटकको आगमन बढाएर स्थानीय पर्यटन व्यवसायलाई मजबुत बनाउने मात्र होइन, पोखरालाई दक्षिण एसियाकै प्रमुख पर्यटन केन्द्रका रूपमा स्थापित गर्न मद्दत गर्नेछ", पौडेलले भन्नुभयो ।

नेपाल पर्यटन बोर्ड गण्डकीका प्रमुख मणिराज लामिछानेले पोखरा-ल्हासा उडान पोखराको पर्यटन प्रवर्द्धनका लागि ठूलो उपलब्धि हुने बताउनुभयो । उहाँले भन्नुभयो, "यसले नेपाल-चीनबीचको पर्यटन सम्बन्धलाई मजबुत बनाउने र चिनियाँ पर्यटकलाई सहज यात्रा अनुभव प्रदान गर्नेछ ।" लामिछानेका अनुसार नेपालमा चिनियाँ पर्यटकहरूको सङ्ख्या कोभिड-१९ अघि उच्च विन्दुमा थियो । २०१९ मा एक लाख ६९ हजार ५४३ चिनियाँ पर्यटक नेपाल आएका थिए । कोभिड महामारीपछि उक्त सङ्ख्या घटे पनि पछिल्लो समय सुधार हुँदै गएको छ । २०२३ मा करिब एक लाख चिनियाँ पर्यटक नेपाल आएका थिए । पोखरा ल्हासाको पहिलो उडानमा पोखराबाट पोखरा महानगरपालिकाको अगुवाइमा पर्यटन व्यवसायीसहित विभिन्न क्षेत्रका १२७ जनाले उडान भर्नेछन् भने चीनबाट करिब एक हजार पर्यटक पोखरा आउने तयारीमा रहेको जनाइएको छ ।

हिमालय एयरलाइन्सका प्रवक्ता विजय श्रेष्ठका अनुसार सुरुआती चरणमा हप्तामा एकपटक उडान हुनेछ, मागअनुसार उडान क्रमशः वृद्धि गरिने छ। हिमालय एयरलाइन्सको मुख्य उद्देश्य चीनका विभिन्न १० पर्यटकीय क्षेत्रमा उडान भर्ने र नेपालमा वार्षिक १० लाख चिनिँया पर्यटक भित्र्याउने रहेको श्रेष्ठको भनाइ छ।

## संसद् बैठकमा अनिवार्य उपस्थित हुन कांग्रेस र एमालेद्वारा सांसदलाई ह्विप

**रासस**
काठमाडौं, २० फागुन

प्रमुख सत्तारूढ दल नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले बुधबार बस्ने सङ्घीय संसद्, प्रतिनिधिसभाको बैठकमा अनिवार्य उपस्थित हुन आफ्ना सांसदहरूलाई ह्विप जारी गरेको छ ।

प्रतिनिधिसभाको कार्यव्यवस्था परामर्श समितिको मंगलबारको बैठकले 'सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१', 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१', र 'निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१' सहित पाँच वटा अध्यादेश स्वीकृतिका लागि निर्णयार्थ पेस गर्ने कार्यसूची तय गरेको छ ।

त्यसैगरी 'आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१', र 'सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१', 'सुशासन प्रवर्द्धनसम्बन्धी अध्यादेश, २०८१' स्वीकृतिका लागि निर्णयार्थ पेस गर्ने कार्यसूची तय भएको छ । सरकारले छ वटा अध्यादेश ल्याए पनि जनता समाजवादी पार्टी नेपाल र लोकतान्त्रिक समाजवादी पार्टीले विपक्षमा देखिएपछि 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१' भने सरकारले रोकेर अन्य पाँच वटा अध्यादेश संसद्मा लैजाने भएको हो

यसअघि गत माघ २४ गतेको प्रतिनिधिसभाको वैठकको कार्यसूचीमा चढाएर पनि स्थगित गरिएको थियो । त्यसको झण्डै एक महिनापछि अध्यादेश अगाडि बढाउनेसम्बन्धी कार्यक्रम कार्यसूचीमा परेको हो । प्रमुख सत्तारूढ दल नेपाली कांग्रेस र नेकपा एमालेले बुधबार बस्ने सङ्घीय संसद्, प्रतिनिधिसभाको बैठकमा अनिवार्य उपस्थित हुन सांसदहरूलाई ह्विप जारी गरेको छ ।

## संविधानको भावनाअनुसार नागरिकको स्वास्थ्यमा समान पहुँच पुर्‍याउन आवश्यक छ : राष्ट्रपति पौडेल

**रासस**
काठमाडौं, २० फागुन

राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको भावनाअनुसार आम नागरिकको स्वास्थ्यमा समान पहुँच पुऱ्याउन र स्वास्थ्य सेवाको गुणस्तरमा वृद्धि गर्नेतर्फ ध्यान केन्द्रित गर्नुपर्ने बताउनुभएको छ ।

नेपाल चिकित्सक सङ्घद्वारा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले राष्ट्रले दक्ष र विज्ञ चिकित्सक उत्पादनमा गरेको लगानी संविधानको त्यही भावना र मर्मअनुसार भएको बताउनुभयो । उहाँले भन्नुभयो, "संविधानको यो भावना र मर्मलाई आत्मसात गर्दै चिकित्सकले यो पेशालाई सेवा भावको दृष्टिकोणले हेर्नु हुनेछ भन्ने विश्वास लिएको छु ।" राष्ट्रपति पौडेलले नेपाली जनताको ठूलो सङ्घर्ष, त्याग र बलिदानबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानले नेपाली नागरिकलाई स्वास्थ्य, शिक्षा जस्ता आधारभूत आवश्यकता प्रत्याभूतिको व्यवस्था सुनिश्चित गरेको स्पष्ट पार्नुभयो ।

उहाँले देशका दुरदराजमा अझै पनि नागरिकले उपयुक्त स्वास्थ्य सेवा प्राप्त गर्न नसकिरहेको अवस्था रहेको उल्लेख गर्दै यो अवस्थालाई गम्भिरतापूर्वक लिएर देशका कुना, कुनामा दक्ष, विज्ञ चिकित्सकको सेवा पुऱ्याउन आवश्यक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, 'आजको यस विशेष अवसरमा सबैलाई आ-आफ्नो क्षेत्रबाट स्वास्थ्य क्षेत्रको समग्र विकासमा योगदान

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## पुडुचेरीका विधायकहरू पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, २० फागुन



भारतको पुडुचेरी प्रदेशका सभामुख आर सेल्वमसहितको टोली मैत्रीपूर्ण भ्रमण तथा अनुभव आदानप्रदानका क्रममा सोमबार पोखरा आइपुगेको छ।

गण्डकी प्रदेशसभाको निमन्त्रणमा आएको उक्त भ्रमणदलका सदस्यलाई सभामुख कृष्णप्रसाद धिताल, उपसभामुख बिनाकुमारी थापालगायले ढोका टोपी र माला लगाएर प्रदेशसभा परिसरमा स्वागत गर्नुभएको थियो । स्वागतपछि आयोजित परिचयात्मक कार्यक्रममा पुडुचेरीका सभामुख सेल्वमले गण्डकी प्रदेशसभाका सभामुखसहित प्रदेशसभा सदस्यलाई पुडुचेरी भ्रमणका लागि निमन्त्रणा गर्नुभएको थियो । उहाँले पोखराजस्तै पुडुचेरी पनि पर्यटकीय महत्वको स्थल भएको बताउँदै दुई प्रदेशबीचको पर्यटन विकासमा भ्रमणले सघाउ पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो। सो अवसरमा गण्डकी प्रदेशसभाका सभामुख धितालले दुई प्रदेशबीच मित्रवत् सम्बन्ध विस्तारमा भ्रमण महत्त्वपूर्ण रहेको बताउनुभयो । "मित्रराष्ट्र भारत र नेपालबीचको सम्बन्धलाई पनि यो भ्रमणले टेवा पुग्ने छ, नेपाल सधैं शान्तिपूर्ण सहअस्तित्व र विविधतामा एकताको पक्षमा रहँदै आएको छ", उहाँले भन्नुभयो, "पर्यटकीय राजधानी पोखरामा भएको यस भ्रमणले यहाँको पर्यटन प्रवर्द्धनमा पनि महत्त्वपूर्ण टेवा पुग्ने विश्वास लिएका छौं ।" उपसभामुख बिनाकुमारी थापाले दुई प्रदेशका बीच भएको अनुभव आदानप्रदानले संसदीय अभ्यासबारे थप बुझ्ने अवसर प्राप्त भएको बताउनुभयो । त्यस अवसरमा गण्डकी प्रदेशसभाको संरचना, कामकारबाही र उपलब्धिबारे प्रस्तुतिकरण गरिएको थियो । भ्रमण टोलीमा पुडुचेरी प्रदेशका उपसभामुख पी राजवेलु, पर्यटनमन्त्री के लक्ष्मीनारायणनलगायत विधानसभा सदस्यहरू सहभागी छन् । उक्त टोलीले पोखराको पर्यटकीय तथा धार्मिकस्थलको भ्रमण गर्ने कार्यक्रम तय भएको गण्डकी प्रदेशसभा सचिवालयले जनाएको छ।

## श्रमिकलाई न्यूनतमभन्दा कम पारिश्रमिक दिइए दण्डनीय : प्रधानमन्त्री

**रासस**
काठमाडौं, २० फागुन

प्रधानमन्त्री केपी शर्मा ओलीले कुनै पनि बहानामा न्यूनतमभन्दा कम पारिश्रमिक दिएर श्रमिकलाई काम लगाएको पाइए दण्डनीय हुने बताउनुभएको छ।

नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट)द्वारा मंगलबार आयोजित नेपाली ट्रेड युनियन आन्दोलनको ७८औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले नर्सले पनि न्यूनतम पारिश्रमिक पाइरहेका छैनन् भन्ने सुनिएको उल्लेख गर्दै कुनै पनि बहानामा न्यूनतमभन्दा कम पारिश्रमिक दिएर श्रमिकलाई काम लगाउन पाइँदैन भन्नुभयो।

श्रमिकको मन प्रशन्न नभइकन उद्योग-व्यवसायका काम सहजरूपमा अघि बढ्न नसक्ने उल्लेख गर्दै प्रधानमन्त्री ओलीले श्रमिक रोजगारदातामा रुपान्तरण हुनसक्ने भएकाले त्यस प्रकारको वातावरण सृजना गर्नुपर्नेमा जोड दिनुभयो।

"व्यवस्था परिवर्तनको आन्दोलनका क्रममा हाम्रा साथी मारिएका थिए, तर हाम्रा उद्देश्य मारिएका थिएनन् । हामीहरू जेल गएका थियौं तर हाम्रा उद्देश्य जेल गएका थिएनन्", नेकपा (एमाले) का अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री ओलीले भन्नुभयो, "अब हामी परिवर्तनको मर्मअनुसार अघि बढ्नुपर्छ । हामीले अन्तरराष्ट्रिय मान्यताअनुसार संवादका माध्यमबाट सरकार, रोजगारदाता र श्रमिकलाई 'विन विन' अवस्थामा ल्याउन सक्नुपर्छ। सरकारले तटस्थ बसेर निष्पक्ष निष्कर्ष निकाल्नुपर्छ।"

मिलेर बसेको नेपाली समाजलाई जात, धर्म र संस्कृतिका नाममा विभाजन गर्ने तथा काम गर्न खोज्नेविरुद्ध भ्रम र अवरोध सृजना गर्ने प्रवृत्तिलाई चिर्नुपर्ने उल्लेख गर्दै प्रधानमन्त्री ओलीले व्यवस्था परिवर्तनपछि विकासको क्रम बढेको स्पष्ट गर्नुभयो । "हामीलाई कसैको अनावश्यक विरोधसँग मतलव छैन । नचाहिने प्रदूषित कुरा हामी बोकेर हिँड्दैनौं । हामीलाई देशको विकास र परिवर्तन गर्नुछ। विरोधका लागि विरोध गर्ने प्रवृत्ति आफै सेलाएर जान्छ । यसमा मजदूर आन्दोलन विगतदेखि नै सचेत छ भन्नेमा म विश्वस्त छु", प्रधानमन्त्री ओलीले भन्नुभयो।

हिमाल पग्लिएर मानवीय सभ्यता नै प्रभावमा पर्न थालेको सन्दर्भमा प्रधानमन्त्री ओलीले हिमालदेखि समुद्रसम्मको सुरक्षाको अवधारणाका साथ सहकार्य गर्न विश्व समुदायसँग आग्रह गर्नुभयो। 'सेभ द हिमालय-प्रोटेक्टिङ राइट्स अफ वर्कर्स' विषयमा विमर्श समेत गरिएको उक्त कार्यक्रममा प्रधानमन्त्रीका मुख्य सल्लाहकार एवं जिफन्टका पूर्व अध्यक्ष विष्णुप्रसाद रिमाल, नेकपा (एमाले) को जनसङ्गठन संयन्त्रका प्रमुख भानुभक्त ढकाल, संयुक्त ट्रेड युनियन समन्वय समितिका अध्यक्ष जगत सिङ्खडा, अन्तर्राष्ट्रिय श्रम सङ्गठनका नेपालस्थित राष्ट्रिय निर्देशकलगायत सहभागी हुनुहुन्थ्यो । कार्यक्रममा हिमाल आरोही, उद्धारकर्ता र सम्बन्धित संस्थालाई सम्मान गरिएको थियो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

## सम्पादकीय

# घातक सहमति

कमिसन बढाउनका लागि बारम्बार आन्दोलन घोषणा गरिरहेका ग्यास उद्योगीसँग सरकारले सहमति गरेको छ। ग्यास उद्योगीहरूको छाता संगठन नेपाल एलपी ग्यास उद्योग संघ र सरकारबीच मंगलबार सहमति जुटेको छ। सहमतिसँगै उद्योगीहरूको आन्दोलन स्थगित भएको छ। आइतबार मात्रै उद्योगीहरूले आन्दोलन घोषणा गरेका थिए। त्यसलगत्तै सोमबार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा वार्ता भएको थियो। तर, वार्ताबाट सहमति जुट्न सकेन। मंगलबार पुनः उद्योगीहरूसँग सरकारले बिहानदेखि नै वार्ता शुरू भएको थियो।

करिब ५ घण्टा लामो वार्तापछि सहमति जुटेको हछापानेल एलपी ग्यास उद्योग संघले नाफा बढाउनु पर्ने माग राख्दै गत माघ ३० गतेदेखि आन्दोलन घोषणा गरेका थिए। तर, सरकारसँग छलफल भएपछि १५ दिनका लागि आन्दोलन स्थगित गरिएको थियो। अत्यावश्यक वस्तुमा सरकारले आन्दोलन गर्न नपाउने गरी निषेध गरेको छ। खाना पकाउने ग्यास अत्यावश्यक वस्तुभित्र पर्छ। तर पनि ग्यास उद्योगीहरूले बारम्बार आन्दोलन घोषणा गर्दै आएका छन्। यसको मार आम उपभोक्तहरूमा परिरहेको छ।

पछिल्लो पटक उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा भएको सहमतिमा ग्यास उद्योगीहरूले आन्दोलन स्थगित गरेका थिए। र, केही दिनका लागि ग्यासको विषय उठेन। पुनः आन्दोलनको घोषणापछि उद्योग सचिवको कार्यकक्षमा ग्यास उद्योगीहरूको छलफल भयो। पहिलो दिन सोमबार भएको छलफलमा ठोष निर्णय हुन सकेन। तर, उद्योग सचिव गोविन्दबहादुर कार्कीसँग भएको छलफलमा मौखिक सहमति भएको छ। दोस्रो दिन मंगलबार पहिलो चरणको बैठक २ घण्टा चल्यो। तर, सहमति जुट्न सकेन। र, पुनः करिब तीन घण्टा लामो वार्ता चल्यो। अन्ततः सरकार र उद्योगीबीच सहमति जुट्यो।सरकारलाई घाटा र उद्योगीलाई फाइदा हुने भएको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा लामो छलफलपछि एलपी ग्यासको प्रतिसिलिन्डर १२ रुपैयाँ ७५ पैसा मूल्य बढाउने सहमति भयो। नेपाल आयाल निगम र ग्यास उद्योगीबीच मूल्य बढाउने सहमति भए पनि उपभोक्तामाथि भने उक्त भार नथपिने भएको छ। 'प्रतिसिलिन्डर १२ रुपैयाँ ७५ पैसा मूल्यवृद्धि भए पनि त्यो उपभोक्ताले तिर्नुपर्दैन। थप मूल्य निगमले नै व्यहोर्नेछ। निगमको सञ्चालक समितिले बैठक उक्त निर्णय लागू गर्नेछ।' नेपाल आयाल निगमका प्रवक्ता मनोजकुमार ठाकुरले अहिले प्रतिसिलिन्डर ३३० रुपैयाँ निगमलाई घाटा छ। अहिले दैनिक रूपमा १ लाख सिलिन्डर बिक्री हुने गरेको छ। निगमलाई प्रतिसिलिन्डर ३३० रुपैयाँ घाटा छ। उक्त घाटा पेट्रोल, डिजेल र हवाई इन्धनबाट मेकप भइरहेको छ।

निगमका अनुसार उद्योगीसँगको सहमतिअनुसार बढेको मूल्य जोड्दा प्रतिसिलिन्डर ३४२ रुपैयाँ ७५ पैसा घाटा हुनेछ। उद्योग, वाणिज्य तथा आपूर्ति सचिव गोविन्दबहादुर कार्की, नेपाल आयाल निगमका कार्यकारी निर्देशक चण्डिकाप्रसाद भट्ट र ग्यास व्यवसायीबीच ५ बुँदे सहमति भएको हो। उक्त सहमतिअनुसार आन्तरिक र बाह्य ढुवानी भाडा समायोजन भएको छ। व्यवसायीले कमिसन २.५ बाट ५ प्रतिशत बढाउन गरेको मागका सन्दर्भमा भने निगमले उपसमिति बनाएको छ। उपसमितिलाई समय भने नतोकिएको निर्देशक भट्टले जानकारी दिए। सरकारले चाडै ब ढाउन खोज्दा व्यापारीका माग पूरा हुने सरकारले कमिसन थपिदिने प्रबृत्ति देशका लागि घातक छ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : मानसिक तनाब | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शुभ यात्रा | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# ढोरपाटन जोड्ने सडक स्तरोन्नितका लागि एक अर्बको आयोजना

**पोखरापत्र संवाददाता**
म्याग्दी, २० फागुन

मध्यपहाडी लोकमार्गको बागलुङ खण्डको विकल्प मानिएको दरवाङ-ताकम-शिवाङ-ताकम-मुना-जलजला-ढोरपाटन सडक स्तरोन्नतिका लागि रु एक अर्ब बजेटको योजना कार्यान्वयन प्रक्रिया अघि बढेको छ।

पूर्वाधार विकास कार्यालयले उक्त सडकअन्तर्गत दरवाङ-धारापानी र झिनडाडा-मुना खण्डमा कालोपत्र र ढलान गरेर स्तरोन्नतिका लागि रु ९२ करोड बजेटको योजना सञ्चालन गरेको हो। योजनाको सर्वेक्षण, लागत अनुमान, विस्तृत परियोजना प्रतिवेदन तयार पारेर सोमबार ठेक्का आह्वान गरिएको पूर्वाधार विकास कार्यालयका प्रमुख विष्णुप्रसाद पौडेलले जानकारी दिनुभयो। सङ्घीय र प्रदेश सरकारले चालु आर्थिक वर्षमा रु १२-१२ करोड बजेट विनियोजन गरेको उक्त योजना गण्डकी प्रदेशमार्फत म्याग्दीमा भित्रिएको हालसम्मका मध्ये सबैभन्दा ठूलो आयोजना हो। यसै वर्ष ठेक्का सम्झौता गरी कार्यक्षेत्रमा ठेकेदार परिचालन गर्ने लक्ष्य छ। उक्त सडकअन्तर्गतको धवलागिरि गाउँपालिका-७ धारापानीबाट ताकम हुँदै झिनडाँडा खण्डको चार किलोमिटर दूरीको सडक कालोपत्र, ढलान र ग्राभेलका लागि गत वर्ष रु १४ करोड ६१ लख ६१ हजारमा ठेक्का सम्झौता भएको थियो। निर्माण कम्पनी रामसागर-बिएस धवलागिरि जेभीले करिब ५० प्रतिशत भौतिक प्रगति गरेको पूर्वाधार विकास कार्यालयले जनाएको छ। म्याग्दीबाट ढोरपाटन हुँदै पूर्वीरुकुम जोड्ने सडक मध्यपहाडी लोकमार्गको बागलुङ खण्डको तुलनामा ७० किलोमिटर छोटो पर्ने भएकाले यसलाई प्राथमिकता दिएको म्याग्दी १ (२) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीले बताउनुभयो। "बेनीबाट मङ्गला हुँदै मालिका गाउँपालिकाको केन्द्र दरवाङ जोड्ने २४ किलोमिटर सडक कालोपत्र गर्ने काम अन्तिम चरणमा पुगेको छ", उहाँले भन्नुभयो, "यो योजनामार्फत अबको तीन वर्षभित्र दरवाङबाट मुनासम्मको सडकलाई पक्की बनाउने लक्ष्य छ।" म्याग्दीको मङ्गला, मालिका, धवलागिरि गाउँपालिकाका साथै बागलुङको ढोरपाटन र पूर्वीरुकुमका बासिन्दालाई पोखरा-काठमाडौँ जावतजावत गर्न छोटो पर्ने भएकाले जुग्जालीले गण्डकी प्रदेशको पूर्वभौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको नेतृत्व गरेको समयमा विसं २०८० मा यो सडकलाई सङ्घीय समपूरक योजनामा समावेश गराउने निर्णय गराउनुभएको थियो।

धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले मुना हुँदै मरेनीबाट जलजला र ढोरपाटन जोड्ने सडकको मार्ग खोल्ने काम अन्तिम चरणमा पुगेको बताउनुभयो। सङ्घीय सरकारले मरेनीबाट जलजला ढोरपाटन जोड्ने सडकका लागि चालु आवमा विनियोजन गरेको रु छ करोड ५० लाख बजेटको योजनामार्फत सडकको मार्ग खोल्ने काम भइरहेको छ।

# क्रिकेट : नेपालले अफगानिस्तानसँग खेल्ने

**रासस**
काठमाडौं, २० फागुन

घरेलु मैदानमा नेपाली यु-१९ क्रिकेट टोलिले अफगानिस्तानको युवा टोलिसँग एकदिवसीय अन्तर्राष्ट्रिय सिरिज खेल्ने भएको छ।

अफगानिस्तानको यु-१९ टोली सिरिज खेल्न नेपाल आउन लागेको नेपाल क्रिकेट सङ्घ (क्यान) द्वारा मंगलबार जारी प्रेस विज्ञप्तिमा जनाएको छ।

क्यानका अनुसार माथिल्लो मूलपानी क्रिकेट मैदानमा हुने उक्त सिरिज आगामी चैत २१ गतेदेखि सुरू हुनेछ। तीन खेलको उक्त सिरिजअन्तर्गत पहिलो खेल चैत २१ गते हुनेछ। त्यसैगरि दोस्रो खेल चैत २४ तथा तेस्रो खेल चैत २७ गते हुनेछ।


## शिक्षक आवश्यकता

यस श्री जनबाल माध्यमिक विद्यालय घरपझोङ-२, मार्फा, मुस्ताङमा तपसिल बमोजिमका अस्थायी करार शिक्षक आवश्यक भएको हुँदा योग्यता पुगेको नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ।

विज्ञापन नं. ०१/२०८१
विषय, पद, किसिमः अंग्रेजी शिक्षक (अस्थायी करार)
तह : मा.वि. तृतीय
पद संख्या : १ (एक)
आवश्यक शैक्षिक योग्यताः अंग्रेजी विषयमा स्नातक वा सो सरह उत्तीर्ण र सम्बन्धित तहको अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने।
उमेरः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
तलब सुविधाः नेपाल सरकारको प्रचलित नियमानुसार।
दरखास्त दिने अन्तिम मितिः २०८१/१२/०५ गते कार्यालय समयभित्र
आवश्यक कागजातः नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रतिलिपि, अध्यापन अनुमती पत्रको प्रतिलिपि (२/२ प्रति)
परीक्षा किसिम : लिखित र अन्तर्वार्ता
परीक्षा दस्तुर : रु. १०००/- (एक हजार)
सम्पर्क मिति : २०८१/१२/०६ गते
परीक्षाको मिति : सम्पर्क मितिमा तोकिने छ।
पुनश्चः शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचीमा रहेका उम्मेदवारहरुले विज्ञापन भएको मितिबाट ७ दिनभित्र दरखास्त दिनुपर्नेछ।
सम्पर्क नं. : ९८४८३७१२५५/९८०७४८८५८०
ईमेलः janabalmavi@gmali.com

प्रधानाध्यापक
**श्री जनबाल माध्यमिक विद्यालय**
घरपझोङ-२, मार्फा, मुस्ताङ


# विपद् व्यवस्थापन सीप सिकाउदै नेपाली सेना

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, २० फागुन



स्याङ्जाका विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई नेपाली सेनाको टोलीले विपद् व्यवस्थापन सम्वन्धी सिपमुलक तालिम दिएको छ।

कक्षा ८ देखी १२ कक्षा सम्मका विद्यार्थीहरुलाई सिंह शार्दुल गुल्म आँधीखोला व्यारेकको टोलीले विपद्मा आपतकालिनबाट बच्ने र बचाउने तालिम प्रदान गरेको हो। गुल्मले अहिले हरेक पालिकाका दुई/दुई विद्यालयमा तालिम दिदै आएको सिंह शार्दुल गुल्म आँधीखोला व्यारेकका सह–सेनानी कल्याण थापाले जानकारी दिए। सह–सेनानी थापाको नेतृत्वमा १५ जना सैनिकले कक्षा सगै प्रयोगात्मकरुपले तालिम प्रदान गरेको बताइएको छ। विद्यार्थीहरुलाई भुकम्पबाट कसरी बच्ने, बचाउने, आगालागीबाट कसरी बच्ने र बचाउने, बाढी पहिरोबाट कसरी बच्ने र बचाउने भन्ने बिषयमा सेनाले तालिम दिएको क्याप्टेन थापाले बताए। पहिला थोरै विद्यालयमा पुगेर तालिम दिने गरेका थियौं क्याप्टेन थापाले भने,'अहिले पालिकाकै सिफारीसमा दुई/दुई विद्यालयमा तालिम दिने गरेका छौं।' यसले ग्रामिण क्षेत्रमा हुने विपद्का घट्नाहरु न्यनिकरणमा सहज हुने विश्वास सेनाको छ उनले भने। ११ पालिका रहेको स्याङ्जामा अहिलेसम्म ५ ओटा पालिकामा यो तालिम प्रदान गरिएको छ। ५ पालिकाका दुई/दुई विद्यालय गरी १० ओटा सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई विपद् व्यवस्थापन सिपमुलक तालिम दिइएको नेपाली सेनाले जनाएको छ।

कालीगण्डकी गाउँपालिका, आँधीखोला गाउँपालिका र अर्जुनचौपारी गाउँपालिकाका दुई/दुई विद्यालय र गल्याङ, चापाकोट नगरपालिकाका दुई/दुई विद्यालयमा यो तालिम दिइएको छ। क्याप्टेन थापाका अनुसार अहिलेसम्म दुई हजार विद्यार्थीलाई यो तालिम दिएको छ। नेपाली सेनाले विद्यार्थीहरुलाई यस्ता खालाका तालिम प्रदान गरिनुले गाउँघरमा हुने प्राकृतिक विपद्बाट जोगिन सहजाता मिल्ने चापाकोट नगर प्रमुख देवबहादुर खाँण(इश्वर) ले बताए। हरेक बर्ष फरक–फरक विद्यालयमा यस्ताखालाका तालिम प्रदान गर्न नेपाली सेनालाई नगर प्रमुख खाँणले अनुरोध समेत गरे।

व्यवहारीक ज्ञानले विद्यार्थीहरुलाई अझै विपद्मा सहयोग गर्न सघाउ पुग्ने विश्वास खाँणको थियो। सकरात्मक सोच, विद्यार्थीहरुमा उत्साह र यो कार्यक्रमको निरन्तरता हुनुपर्ने सहभागी विद्यार्थीहरुले बताएका छन्। प्राकृतिक विपद् बढ्न थालेपछि स्थानीयलाई सक्रियता बनाउन गण्डकी प्रदेश सरकारको सामाजिक तथा युवा मन्त्रालयले नेपाली सेनासगँ सहकार्य गरेर यो तालिम शुरु गरेको छ। स्थानीय पालिकाको सिफारीसका आधारमा प्रदेश मन्त्रालयले नेपाली सेनासगँ विपद् व्यवस्थापन सिपमुलक तालिममा सहकार्य गर्दै आएको छ सोही अनुरुप आँधीखोला व्यारेकले विद्यार्थीहरुलाई यस्तो तालिम प्रदान गर्दै आएको छ।

# बारपाकमा क्यान्सरको नि:शुल्क 'स्क्रिनिङ' शिविर

**पोखरापत्र संवाददाता**
गोरखा, २० फागुन

गोरखाको बारपाक सुलिकोट गाउँपालिकास्थित बारपाकमा पाठेघरको मुखमा हुने क्यान्सर रोगको पूर्वपहिचानका लागि सोमबार निःशुल्क 'स्क्रिनिङ' शिविर सम्पन्न भएको छ।

शिविरमा एक सय २० जना समुदायका महिलाले पाठेघरको मुखको क्यान्सर जाँच गराएका छन्। जाँच गराएकामध्ये आठ जनामा पाठेघरको मुखको क्यान्सर पोजेटिभ देखिएको गाउँपालिका स्वास्थ्य शाखाका प्रमुख मोदराज भट्टले जानकारी दिनुभयो। शिविरमा महिलाको पाठेघरको मुखमा हुने क्यान्सरको जोखिम पहिचान गर्न 'भिजुअल इन्स्पेक्सन विथ एसेटिक एसिड' (भिआइए) परीक्षण गरिएको हो। भिआइए पोजेटिभ देखिएका आठ महिलाको तत्कालै उपचार सुरु गरेर छ महिनापछि पुनः परीक्षणको व्यवस्था मिलाइएको उहाँको भनाइ छ। गाउँपालिकाको आयोजना तथा अष्ट्रेलियन सर्भिकल क्यान्सर फाउण्डेसन र नेपाल क्यान्सर रिलिफ सोसाइटीको प्राविधिक सहयोगमा ३० देखि ४९ वर्ष उमेर समूहका महिलाको पाठेघरको मुखको क्यान्सर जाँच तथा उपचार शिविर सञ्चालन गरिएको हो। भिआइए विधिबाट एचपिभी भाइरस पत्ता लाग्ने क्यान्सर हुनुअघि नै उपचार गरी बच्न सकिने प्रमुख भट्टले जानकारी दिनुभयो। ग्रामीण भेगका महिलामा पाठेघरको क्यान्सर, पाठेघर खस्ने समस्या बढी देखिने भएकाले समयमा नै समस्या पहिचान तथा न्यूनीकरण गर्न शिविर सञ्चालन गरिएको उहाँले बताउनुभयो। "भिआइए परीक्षणबाट १० वर्षपछि क्यान्सर हुँदैछ वा पाठेघरको अवस्था कस्तो छ भन्ने पहिचान गर्दछ", प्रमुख भट्टले भन्नुभयो, "हामीले औषधि राखेर हेर्छौं र परीक्षणबाट क्यान्सर बनाउने एचपिभी जीवाणु पोजेटिभ वा नेगेटिभ के छ भन्ने पत्ता लाग्छ, पाठेघरको अवस्था पत्ता लागेपछि सोहीअनुसार उपचार गर्न सुरु गरिन्छ।" गाउँपालिकाले विशेषज्ञ चिकित्सकको निगरानीमा तालिमप्राप्त भिआइए नर्समार्फत महिलाहरूको पाठेघरको क्यान्सरको 'स्क्रिनिङ' गरिएको उहाँले बताउनुभयो।

# यस्तो छ स्ववियु निर्वाचन कार्यतालिका

**रासस**
काठमाडौं, २० फागुन

त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले आगामी चैत ५ गते हुने स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनको प्रक्रिया सुरु गरेको छ।

त्रिविका आङ्गिक, सम्बन्धनप्राप्त क्याम्पसमा सोमबार बेलुकासम्म विभिन्न विद्यार्थी सङ्गठनले आफ्नो सङ्घ, सङ्गठनको नाम दर्ता गराएका विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले जानकारी दिनुभयो। "विद्यार्थी सङ्गठनले आआफ्नो सङ्गठनको नाम निर्वाचनका लागि दर्ता गराउनुभएको छ", उहाँले भन्नुभयो, "विगतभन्दा धेरै क्याम्पसमा यसपटक निर्वाचन हुन्छ।" निर्वाचन कार्यतालिकाअनुसार भोलि फागुन २१ गते मतदाता सूची प्रकाशन गर्ने र फागुन २७ गते बिहान ११ देखि २ बजेसम्म प्रत्यक्ष तथा समानुपातिक उम्मेदवारको मनोनयन दर्ता गरिने छ। त्रिविले मतदान चैत ५ गते बिहान ८ देखि दिउँसो ४ बजेसम्मका लागि तोकेको छ। अनेरास्ववियुका अध्यक्ष समिक बडालले निर्वाचनका लागि सबै क्याम्पसमा आफ्नो सङ्गठनको मनोनयन गरिएको जानकारी दिनुभयो। यस्तै, नेपाल विद्यार्थी सङ्घका प्रवक्ता सुरज सेजुवालले पनि सबै क्याम्पसमा सङ्गठनको नाम दर्ता गराइएको बताउनुभयो।


## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.-१७ निवासी भारतीय भू.पू. सैनिक नं. JC 402494F H/Capt. कृष्ण बहादुर गुरुङको श्रीमती नेपाली नागरिकतामा जन्म मिति र नाम वि.सं. २०२४/०३/०७ गते भएकी हुम कुमारी गुरुङ र भारतीय सेनाको अभिलेखमा जन्म मिति इ.सं. १९५२-०४-२१ भएकी कमला गुरुङको नाम र जन्म मिति फरक भएता पनि दुवै नाम र जन्म मिति भएको व्यक्ति एउटै हो भनी सर्वसाधारणलाई सूचित गरिएको छ।

# माथिल्लो राहुघाट जलविद्युत् आयोजना अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
म्याग्दी, २० फागुन

जिल्लाको रघुगङ्गा गाउँपालिका भएर बग्ने राहुघाट नदीमा निर्माणाधीन ४८ दशमलव पाँच मेगावाट क्षमताको अपर (माथिल्लो) राहुघाट जलविद्युत आयोजना अन्तिम चरणमा पुगेको छ।

तुँदी पावर प्रवर्द्धक रहेको आयोजनाले बाँध, विद्युत्गृह, सुरुङ, प्रसारण लाइन निर्माणलाई पूर्णता दिनुका साथै विद्युत्गृहमा उपकरण जडानको काम अन्तिम चरणमा पुगेको हो। सन् २०२५ को जुलाईभित्र विद्युत् उत्पादन गर्ने लक्ष्यसहित धमाधम काम भइरहेको आयोजनाका आवासीय इन्जिनियर नरोत्तम कार्कीले जानकारी दिनुभयो।

"हालसम्म सिभिलतर्फ ९५, हाइड्रोमेकानिकल ८० र इलेक्ट्रोमेकानिकलको ७० प्रतिशत प्रगति भएको छ", उहाँले भन्नुभयो, "विद्युत्गृहमा 'कन्ट्रोल रुम' र पानी नदीमा मिसाउने (टेलरेस) बाहेक भौतिक संरचनाको निर्माण सकिएको छ।" तुदीँ पावरका हाइड्रो मेकानिकल इन्जिनियर घनश्याम भट्टराईले विद्युत्गृहभित्र टवाइन, जेनेरेटरका उपकरण जडानको काम तीव्रताका साथ भइरहेको बताउनुभयो। रघुगङ्गा-७ चिमखोलामा बाँध र रघुगङ्गा-४ दग्नामको फेदीमा विद्युत्गृह रहेको यस आयोजनाको सुरुङ चार हजार नौ सय मिटर लामो छ। "आउटलेटबाट विद्युत्गृहसम्म छ सय ८० मिटर लामो पेनस्टक पाइप जडानको काम करिब एक सय मिटर मात्र बाँकी छ। विद्युत्गृहबाट उत्पादन भएको विद्युत्लाई प्रसारण लाइनमा जोड्ने स्विचार्ड निर्माण थालिएको छ", उहाँले भन्नुभयो। तुँदी पावरले राहुघाटमा निर्माण गरेको अर्को ३७ दशमलव पाँच मेगावाट क्षमताको मङ्गले राहुघाट जलविद्युत् आयोजनाको एक महिनाभित्र परीक्षण सुरु गर्ने तयारी भइरहेको भट्टराईले जानकारी दिनुभयो। उहाँका अनुसार रघुगङ्गा-८ को बन्दीमा बाँध, रघुगङ्गा-७ को चिमखोलामा विद्युत्गृह र पाँच हजार तीन सय २८ मिटर लामो सुरुङको सबै काम सकिएको छ।

मङ्गले राहुघाटको विद्युत्गृहबाट निस्कने र चिमखोलाको बगरखोलाको पानी मिनाउन मिल्नेगरी अपर राहुघाटको बाँध निर्माण गरिएको छ। दुई वटै आयोजनाको अनुमानित लागत रु १३ अर्ब रहेको तुदीँ पावरका इन्जिनियर भट्टराईले उल्लेख गर्नुभयो। अपर राहुघाट र मङ्गले राहुघाटबाट उत्पादित विद्युत् केन्द्रीय प्रसारण लाइनमा जोड्न रघुगङ्गा-३ अम्बाङमा बन्न लगेको राहुघाट सबस्टेसनबाट चिमखोलासम्म दुई सय केभी क्षमताको १४ किलोमिटर दूरीको प्रसारण लाइन निर्माण अन्तिम चरणमा पुगेको उहाँ भनाइ छ।

नेपाल विद्युत् प्राधिकरणले अम्बाङमा सबस्टेसन निर्माणमा ढिलाइ गरेकाले वैकल्पिक माध्यमबाट विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोड्ने तयारी गरिएको छ। राहुघाट नदीको सहायक ठुलोखोलामा संयुक्त उर्जा प्रालिले २१ दशमलव तीन मेगावाट क्षमताको ठुलोखोला र ठुलोखोला हाइड्रोपावर लिमिटेडले २२ दशमलव पाँच मेगावाट क्षमताको माथिल्लो ठुलोखोला जलविद्युत् आयोजना निर्माण गरिरहेका छन्। राहुघाट नदीमा नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रो लिमिटेडले ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजना निर्माण गरिरहेको जनाएको छ।

# पोखराबाट चीनको ल्हासा नियमित उडान आगामी चैतको तेस्रो सातादेखि

**पोखरापत्र संवाददाता**
पोखरा, २० फागुन

पोखरा अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनमा आएको दुई वर्षपछि हिमालय एयरलाइन्सले पहिलो व्यावसायिक उडान सुरु गर्न लागेको छ। हिमालयले आगामी चैत १८ गतेदेखि चीनको ल्हासामा उडान गर्न लागेको हो।

काठमाडौँ-ल्हासा-पोखरा-ल्हासा-काठमाडौँ जोड्नेगरी उडान गर्न लागेको हिमालय एयरलाइन्सले विज्ञप्तिमार्फत जनाएको छ। पोखरालाई ल्हासासँग जोड्न सातामा एक उडान गर्नेगरी उडान तालिका निर्धारण गरिएको कम्पनीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। ल्हासा उडानका लागि हिमालय एयरलाइन्सले नियामक नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) सँग उडान अनुमति लिइसकेको छ। क्यानका सूचना अधिकारी ज्ञानेन्द्र भूलका अनुसार हिमालय एयरलाइन्सले ल्हासामा पहिलो 'सेडुअल फ्लाइट' गर्नेगरी उडान अनुमति मागेको छ। ल्हासा उडान प्रक्रिया अन्तिम चरणमा छ। त्यसैगरी, चीनको सिचुवान एयरलाइन्सले आगामी चैत ५ गतेदेखि पोखरा-छेन्दु गन्तव्यमा व्यावसायिक उडान गर्ने तयारी गरेको छ। यद्यपि, क्यानबाट उडान अनुमतिलगायत प्रक्रिया पूरा भइसकेको छैन। पोखरा-छेन्दु सातामा एक उडान गर्ने तयारी भएको एयरलायन्सले जनाएको छ। सिचुआन एयरलाइन्सको नेपालका लागि आधिकारिक जनरल सेल्स एजेन्सी (जिएसए) सोसाइटी इन्टरनेसनल रहेको छ।

क्यानका सूचना अधिकारी भूलले यो उडानले पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट अन्तरराष्ट्रिय नियमित उडान भएको सन्देश जाने विश्वास व्यक्त गर्नुभयो। नेपालको पर्यटकीय राजधानी पोखरा र विश्व प्रसिद्ध 'रुफ अफ द वर्ल्ड' ल्हासाबीच हवाई सम्पर्क सञ्जाल विस्तार गर्न लागिएको हो।

योसँगै नेपालमा चिनिया पर्यटक बढ्ने विश्वास लिइएको छ। हिमालय एयरलाइन्सले हाल काठमाडौँबाट ल्हासा एक सातामा पाँच उडान गरिरहेको छ। पोखराबाट पनि ल्हासामा थप एक उडान गर्न लागेको हो। "हिमालय एयरलाइन्सले चैत १८ देखि उडान गर्नेगरी उडान अनुमति मागेको छ, अनुमतिको प्रक्रियामै छ", क्यानका सूचना अधिकारी भूलले भन्नुभयो, "काठमाडौँ-ल्हासा पोखरा र पोखरा-ल्हासा काठमाडौँ उडान गर्नेगरी अनुमतिको प्रक्रियामा छ।" उहाँका अनुसार हिमालय एयरलाइन्सको जहाज सोमबार ल्हासाबाट पोखरा आउनेछ र मङ्गलबार पोखराबाट ल्हासा जानेगरी सातामा एक उडान अनुमति मागेको छ। मागअनुरुप भविष्यमा उडान थप्न सकिने क्यानले जनाएको छ। सिचुवान एयरलाइन्सको उडान मिति भने तय भइनसकेको उहाँले बताउनुभयो। सिचुवान एयरलाइन्सले पोखराबाट काठमाडौँ परीक्षण उडान गरिसकेको छ।

पोखराबाट चीनका विभिन्न गन्तव्यमा सिधा उडान हुने भएपछि व्यवसायी उत्साहित भएका छन्। पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहरीले पोखराबाट चीनका विभिन्न सहरमा हुन गइरहेका सिधा उडानले व्यवसायी उत्साहित भएको बताउनुभयो। "पोखरा विमानस्थल निर्माण भएको दुई वर्षपछि पहिलोपटक नियमित व्यावसायिक उडान हुँदैछ। यसले पोखरेली जनतालाई उत्साहित तुल्याएको छ", उहाँले भन्नुभयो। पोखरा पर्यटन परिषद्ले आगामी चैत ५ गते पोखराबाट छेन्दु जाने पर्यटकका लागि प्याकेजसमेत बनाएको जनाएको छ। छेन्दुबाट पनि व्यवसायी आउने र पोखराबाट पर्यटन व्यवसायी गएर छेन्दुमा विजनेस टू बिजनेश (बिटुबी) कार्यक्रम गर्ने तयारी गरिएको अध्यक्ष पहरीले जानकारी दिनुभयो। एयरलाइन्सका उपाध्यक्ष श्रेष्ठले पोखराबाट छेन्दु उडान सुरु भएसँगै सुस्त ग्रीष्मकालीन याममा पनि पर्यटक बढ्ने अपेक्षा गरिएको बताउनुभयो। उहाँले काठमाडौँ-ल्हासा-पोखरा-ल्हासा-काठमाडौँ सुरु गरिएको यस उडानले एयरलाइन्सको दुई राष्ट्रका नागरिकबीचको सम्बन्धलाई मजबुत बनाउने, पर्यटन र व्यापारलाई प्रवर्द्धन गर्ने उद्देश्यलाई प्रोत्साहन मिल्ने विश्वास व्यक्त गर्नुभयो।

राष्ट्रिय गौरवको आयोजना पोखरा अन्तरराष्ट्रिय विमानस्थल विसं २०७९ पुस १७ गते उद्घाटन भएको थियो। हालसम्म विभिन्न एयरलाइन्सका ११ चार्टर्ड उडान भएको पोखरा विमानस्थलका प्रवक्ता जशोधा सुवेदीले जानकारी दिनुभयो। त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनमा आएको ७१ वर्षपछि मुलुकभित्र दोस्रो अन्तरराष्ट्रिय विमानस्थलका रूपमा रुपन्देहीको भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनमा आएको थियो। त्यसको छ महिनापछि पोखरा अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनमा आएको थियो।

# अन्तरपालिका भलिबल प्रतियोगिताको उपाधि नवलपुरको बौदीकालीलाई

**पोखरापत्र संवाददाता**
दमौली, २० फागुन

तनहुँको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारामा सम्पन्न प्रदेशस्तरीय अन्तरपालिका भलिबल प्रतियोगिताको उपाधि नवलपुरको बौदीकाली गाउँपालिकाले जितेको छ।

चौथो शुक्लागण्डकी महोत्सवका अवसरमा सञ्चालित प्रतियोगिताको मंगलबार भएको फाइनल खेलमा शुक्लागण्डकी नगरपालिकाको टोलीलाई हराउँदै बौदीकालीले उपाधि जितेको हो। बौदीकालीले शुक्लागण्डकीलाई ३-२ सेटले पराजित गरेको हो।

यस्तै, स्याङ्जाको पुतलीबजार नगरपालिका तेस्रो भएको छ। पुतलीबजारले स्याङ्जाको हरिनास गाउँपालिकालाई पराजित गरेको खेल व्यवस्थापन समितिका संयोजक अमृत घिमिरेले जानकारी दिनुभयो। उपाधिसँगै विजेता बौदीकालीको टोलीले नगद रू दुई लाख प्राप्त गरेको छ। उपविजेता शुक्लागण्डकीले रू एक लाख, तृतीय भएको पुतलीबजारले रू ५० हजार र चौथो भएको हरिनास गाउँपालिकाले रू २५ हजार प्राप्त गरेको छ।

# सरकार र उद्योगीबीच ग्यासको मूल्य रु १२ बढाउने सहमति

**रासस**
काठमाडौं, २० फागुन

सरकार र नेपाल एलपी ग्यास उद्योग सङ्घबीच पाँच बुँदे सहमति भएको छ। मंगलबार सिंहदरबारस्थित उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा भएको वार्तापछि ग्यासको भाउ १२ रूपैयाँ ७५ पैसा बढाउने सहमति भएपछि एलपी ग्यास उद्योगीले आन्दोलन फिर्ता लिएका छन्।

सहमतिको १ नम्बर बुँदामा भनिएको छ, "मिति २०८१ फागुन १८ गते बसेको नेपाल आयल निगम सञ्चालक समिति बैठकले ग्यास उद्योगको बाह्य ढुवानी भाडा, आन्तरिक ढुवानी भाडा, सञ्चालन तथा प्रशासनिक खर्च रकममा समायोजन गरी साविकको खर्चमा प्रतिसिलिन्डर १२ रूपैयाँ ७५ पैसाले वृद्धि गरेको विषयमा नेपाल एलपी ग्यास उद्योग सङ्घका पदाधिकारीलाई जानकारी गराइयो।" सहमतिसँगै अब ग्यासको भाउ प्रतिसिलिन्डर रू एक हजार नौ सय १० बाट बढेर एक हजार नौ सय २२ रूपैयाँ ७५ पैसा पुगेको छ।

# कालीगण्डकी कोरिडोर सडक : मालढुङ्गा-फर्से खण्ड कालोपत्र

**पोखरापत्र संवाददाता**
म्याग्दी, २० फागुन

भारत र चीनलाई जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी कोरिडोर सडकअन्तर्गत मालढुङ्गा-फर्से खण्डमा कालोपत्र गर्ने काम सकिएको छ।

म्याग्दी र मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने मालढुङ्गा-बेनी सडक अन्तर्गत पर्वतको कुश्मा नगरपालिका-१ मालढुङ्गादेखि जलजला गाउँपालिका-८ नाग्लीवाङको फर्सेसम्म कालोपत्र भएको हो। योजनाका सव-इञ्जीनीयर सोहनजङ कार्कीले मालढुङ्गा-फर्से खण्डमा पाँच किलोमिटर दुई सय मिटर कालोपत्र भएको जानकारी दिनुभयो। "१३ किलोमिटर दुरिको मालढुङ्गा-बेनी सडकको पहिरो प्रभावित क्षेत्रमा करिब दुई किलोमिटर ढलान भइसकेको छ," उहाँले भन्नुभयो "केराबारी-मिलनचोक खण्डमा थप दुई किलोमिटर सडक दुई हप्तापछि कालोपत्र गर्ने लक्ष्यसहित संरचना निर्माण अन्तिम चरणमा पुगेको छ।" मालढुङ्गा-बेनी सडकलाई ११ मिटर (दुई लेन) फराकिलो बनाएर अस्फाल्ट प्रविधिको कालोपत्र र ढलान गर्न एपेक्स-खड्का-कृष्ण जेभीले विसं २०७७ चैतमा रू ५२ करोड ८६ लाखमा ठेक्का सम्झौता गरेको थियो। यस खण्डको हालसम्मको भौतिक प्रगति करिब ७० प्रतिशत रहेको बेनी-जोमसोम-कोरला सडक योजनाले जनाएको छ। मोहनचोक-लामाखेत-पर्वतबेनी, केराबारी-मिलनचोक खण्डको पाँच किलोमिटर क्षेत्रमा विस्तार, नाली निर्माण, सवबेस, बेस राख्ने र ग्रेडिङ गर्ने काम धमाधम भइरहेको छ। पर्वतबेनी, मिलनचोक र लस्ति बजार क्षेत्रमा सडकको क्षेत्राधिकारमा पर्ने घर, टहरा भत्काउन ढिलाइ हुँदा निर्माणको काम अघि बढ्न सकेको छैन्। विसं २०७९ मा सम्पन्न हुनुपर्ने सडक निर्माण कार्यले लक्ष्य भन्दा दुई वर्षपछि पूर्णता पाउन लागेकोमा स्थानीयवासी उत्साही भएका जलजला गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले बताउनुभयो। सडक निर्माणलाई गति दिन जनप्रतिनिधि, उद्योगी व्यवसायी र सरोकारवालाले दबाब दिँदै आएका छन्। यो सडकमा म्याग्दी, मुस्ताङ र पर्वतको जलजला गाउँपालिकाका स्थानीय बासिन्दाका साथै पर्यटक र तीर्थयात्री आवतजावत गर्छन्। 'कामका लागि खाद्यान्न' कार्यक्रमअन्तर्गत २०५२ सालमा मार्ग खुलेको मालढुङ्गा-बेनी सडक बेनी सडक २०६८ सालमा कालोपत्र गरिएको थियो। यसै आर्थिक वर्षभित्र सडक कालोपत्र सम्पन्न हुने आयोजनाले जनाएको छ।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १७ बेलघारीमा शंकरधाम कृयापुत्री भवन निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धि सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : शंकरधाम कृयापुत्री भवन निर्माण
उपभोक्ता समितिको नामः शंकरधाम कृयापुत्री भवन निर्माण उपभोक्ता समिति, पोखरा-१७, कास्की
योजना सम्झौता मिति : २०८१/०९/०८
योजना सुरु मिति : २०८१/०९/०९
योजना सम्पन्न मिति : २०८१/१२/३०
महानगरपालिका बाट प्राप्त : ७,००,०००/-
जनसहभागीता : १,२३,७३९/१७
योजनाको कुल लागत : ८,२३,७३९/१७

**उपभोक्ता समिति**
अध्यक्ष : भागिरथ पौडेल
सचिवः प्रेमराज अधिकारी
कोषाध्यक्ष : लक्ष्मी शाही गुरुङ

**अनुगमन समिति :**
संयोजक : झपिन्द्र राज रेग्मी
सदस्य : तारानाथ पौडेल
सदस्य : सुकदेव गोतम

सदस्यहरुः देउ कुमारी थापा, विमला देवी भुजेल, याम बहादुर थापा, इन्द्रबहादुर खत्री, कृष्ण बहादुर खत्री र भोज बहादुर शाही

## फेदीखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### फेदीखोला बजार, फेदीखोला-०२, स्याङ्जा
### गण्डकी प्रदेश, नेपाल

## सूचना प्रविधि अधिकृत पदको विज्ञापन सम्बन्धी सूचना

**(प्रकाशित मितिः २०८१/११/२१)**

फेदीखोला गाउँ कार्यपालिकाको कार्यालयको लागि देहाय बमोजिमको पद/तहमा करार सेवामा कर्मचारी आवश्यकता परेको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०८१ चैत्र ०६ गते कार्यालय समय) भित्र यस कार्यालयमा रितपूर्वक दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद | श्रेणी/तह | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | १२-०८१/८२ | सूचना प्रविधि अधिकृत | अधिकृतस्तर छैटौं | १ (एक) | |

१. **आवश्यक न्युनतम योग्यताः**
लोकसेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा IT वा सो सरहको विषयहरु मध्ये कुनै विषय लिई स्नातक (BIT, BIM, BBIS, BCIS, BCA, BEIT, Bsc. IT, Bsc. CSIT, BE. Electronics and Communication Engineering वा BTech Electronics and Communication Engineering) उपाधि प्राप्त गरेको हुनुपर्नेछ।
२. **छनौटको किसिमः** सम्बन्धित मन्त्रालयको मापदण्ड बमोजिम संक्षिप्त सूची (Short List), सिप परीक्षण र अन्तर्वार्ता।
३. **परीक्षा दस्तुरः** सहायकस्तर पदको दरखास्त दस्तुर रु. १००० (एक हजार रुपैया मात्र।) गाउँपालिकाको राजश्व उपशाखामा बुझाउनु पर्नेछ।
४. **तलव तथा सुविधाः** नेपाल सरकारले तोकेको अधिकृतस्तर छैटौं तहको सुरु तलब स्केल बराबर हुनेछ।
५. **उम्मेदवारको उमेर हदः** २०८१/१२/०६ गतेसम्म २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तथा महिलाको हकमा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।
६. **आवश्यक कागजातहरुः** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नागरिकहरुले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपी, व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी (नेपाल बाहिरको प्रमाणपत्र भए नेपालको विश्वविद्यालयबाट समकक्षता निर्धारण गरिएको प्रमाण), पासपोर्ट साइजको दुई प्रति फोटो र राजश्व तिरेको रसिदको साथमा तोकिएको ढाँचामा निवेदन सहित यस कार्यालयको प्रशासन, योजना तथा आन्तरिक व्यवस्थापन शाखामा पेश गर्नुपर्नेछ।
७. **कार्यविवरण** (TOR): प्रदेश तथा स्थानीय सरकार सहयोग कार्यक्रम (PLGSP) को शर्त बमोजिम तथा यस कार्यालयको आवश्यकता अनुसार हुनेछ।
८. **दरखास्त दिने अन्तिम मितिः** २०८१/१२/०६ गते कार्यालय समयभित्र बुझाउनुपर्नेछ।
९. **परीक्षा मितिः** संक्षिप्त सूची (Short List) प्रकाशित गर्दा जानकारी गराईनेछ।
१०. **दरखास्त फारामः** गाउँ कार्यपालिकाको कार्यालयको प्रशासन, योजना तथा आन्तरिक व्यवस्थापन शाखाबाट प्राप्त गर्न सकिनेछ।
११. **सम्पर्क इमेल ठेगाना र मोवाइल नं.:** <phedikhola174@gmail.com> र ९८५६०६६६०३, ९८४६०७०९११, ९८४०१९७१७५